सम्पुर्ण वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनतान्त्रिक विद्यार्थी एकजुट होऔं !!

विधान- २०७८

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)

(विधान सम्मेलन २०७८ भाद्र २६ काठमाण्डौ, प्रस्तुत एवं पारित, २२ औं केन्द्रिय समितिको प्रथम पुर्ण बैठकबाट संशोधित)

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) को विधान- २०७८

(विधान सम्मेलन २०७८ भाद्र २६ काठमाण्डौ, प्रश्तुत एवं पारित)

प्रस्तावना

नेपालका सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनतान्त्रिक विद्यार्थीहरूको साझा, स्वतन्त्र र नेतृत्वदायी संगठनको रुपमा रहेको अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)मा अग्रगमन, प्रगति, आमूल परिवर्तन र राष्ट्रिय स्वाधीनताका पक्षधर, सामन्तवाद तथा दलाल नोकरशाही पुँजीवाद एवं साम्राज्यवाद विरोधी आम विद्यार्थीहरूलाई निर्वाध प्रवेश गराउँदै,

सामन्ती अवशेष सहितको नवऔपनिवेशिक दलाल एवं नोकरशाही चरित्रको अवैज्ञानिक र जनविरोधी वुर्जुवा शिक्षा प्रणाली एवम् शैक्षिक विभेद, असमानता, विकृति, विसंगति, निजीकरण र व्यापारीकरणका विरुद्ध सघर्ष गर्दै वैज्ञानिक एवं जनमुखी, समाजवादी शिक्षा प्राप्तिको आन्दोलनमा संगठनको नेतृत्वदायी भूमिकामा स्थापित गर्दै,

जनवादी शिक्षाका बाँकी कार्यभार पुरा गर्दै समाजवादी शिक्षा प्राप्तिको आन्दोलनलाई क्रान्तिकारी विद्यार्थीहरुको कर्तव्यका रुपमा आत्मसात गर्दै,

राष्ट्रियता, जनतन्त्र र जनजीविका, विद्यार्थी समुदायको हक-हित, इज्जत र अधिकार तथा जनताको मुक्ति र राष्ट्रिय मुक्तिका लागि गरिने सङ्घर्षमा नेतृत्वदायी स्थानमा रहँदै,

महान् जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी आन्दोलनका प्राप्त उपलब्धिलाई संस्थागत गर्दै बाँकी उपलब्धिका लागि महान् सहिदहरूले देखाएको आमूल परिवर्तनको बाटोमा निरन्तर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै,

संसारभरका उत्पीडित राष्ट्र र जनताले सामन्तवाद र साम्राज्यवादका विरुद्ध संञ्चालन गरेका राष्ट्रिय मुक्ति र जनमुक्ति आन्दोलनप्रति एकेवद्धता जाहेर गर्दै,

मालेमावादलाई वैचारिक पथप्रदर्शक सिद्धान्त मान्ने, सामन्तवाद एवं दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवाद विरोधी आम नेपाली विद्यार्थीहरूको यस गौरवशाली संगठनलाई जनवादी केन्द्रीयताको आधारमा सञ्चालन र परिचालन गर्न आवश्यक भएकोले क्रान्तिकारी विद्यार्थीहरुको मर्म र भावनालाई आत्मसात गर्दै २०७८ भाद्र २६ गते काठमाडौंमा सम्पन्न ऐतिहासिक विधान सम्मेलनमा प्रस्तुत भई पारित गरिएको छ ।

भाग-१
संगठनको नाम, छाप, झण्डा, लोगो, लेटरप्याड व्याख्या र प्रारम्भ

धारा-१ : नाम, छाप , झण्डा , लोगो र लेटरप्याड

(१) नाम : यस संगठनको नाम अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) रहनेछ । संक्षेपमा अनेरास्ववियू (क्रान्तिकारी) वा अखिल (क्रान्तिकारी) हुनेछ । अङ्ग्रेजीमाAll Nepal National Independent Students' Union (Revolutionary)र संक्षेपमा ANNISU (Revolutionary)हुनेछ ।

(२) झण्डा : रातो पृष्ठभूमि र समकोण चतुर्भूज आकारको हुनेछ। लम्बाई र चौडाईको अनुपात ३:२ हुनेछ। माथिल्लो कोणमा डण्डी नजिकै एउटा सेतो पाँचकुने तारा हुनेछ। तारापट्टि फर्केको बिर्को खोलिएको सेतो कलम ४५° डिग्रीको कोणमा झुकेको अवस्थामा रहनेछ। (झण्डाको नमुना अनुसूची १ मा दिइएको छ।)

(३) छाप : संगठनको छाप गोलाकार हुनेछ। गोलाकार भागमा संगठनको नाम नेपाली र अङ्ग्रेजी अक्षरमा रहनेछ र बीचमा कलम र तारा अंकित लोगो तथा स्थापना मिति र सम्बन्धित समिति उल्लेख हुनेछ। (छापको नमुना अनुसूची २ मा दिइएको छ।)

४) लेटरप्याड :

'सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनतान्त्रिक विद्यार्थीहरु एकजुट होऔं' भन्ने नारा र संगठनको पूरा नाम देवनागरी र अङ्ग्रेजीमा लेखिएको, सम्बन्धित समिति उल्लेख भएको र बाँया पट्टि संगठनको फहराएको झण्डा हुनेछ। (लेटरप्याडको नमुना अनुसूचि ३ मा दिईएको छ।)

धारा-२: व्याख्या

यो विधान सम्बन्धि आवश्यक व्याख्या गर्नु परेमा केन्द्रीय समितिले गर्नेछ।

धारा-३ : प्रारम्भ

यो विधान २०७८ भाद्र २६ गते काठमाडौंमा सम्पन्न ऐतिहासिक विधान सम्मेलनमा प्रस्तुत एवंम पारित भएको मितिवाट लागु हुनेछ।

धारा-४ : परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-

(१) "विधान" भन्नाले अनेरास्ववियू (क्रान्तिकारी)को २०७८ भाद्र २६ गते काठमाडौंमा सम्पन्न ऐतिहासिक विधान सम्मेलनद्वारा पारित भएको विधान बुझ्नुपर्दछ।

(२) "धारा" भन्नाले यस विधानको धारा सम्झनुपर्दछ।

(३) "विद्यार्थी" भन्नाले पूर्वप्राथमिक विद्यालयदेखि उच्चशिक्षा (विश्वविद्यालय)सम्म सार्वजनिक, निजी र शैक्षिक गुठीद्वारा सञ्चालित शिक्षण संस्थामा नियमित रूपले र प्राइभेट रूपमा अध्ययनरत तथा खुल्ला विश्वविद्यालय र विदेशी विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी र विद्यार्थी आन्दोलनमा निरन्तर खटिरहेको व्यक्ति भन्ने बुझ्नुपर्दछ।

(४) "पदाधिकारी" भन्नाले संगठनका सबै तहका अध्यक्ष, उपाध्यक्ष, महासचिव, प्रमुख सचिव, सचिव, सह-सचिव र कोषाध्यक्ष भन्ने बुझ्नुपर्दछ।

(६)"समिति" भन्नाले यस विधान बमोजिम गठन भएका इकाइदेखि केन्द्रसम्मका सबै समितिहरु भन्ने बुझ्नुपर्दछ।

भाग-२
उद्देश्य, नीति तथा कार्यक्रम

धारा-५ : संगठनको उद्देश्य, नीति तथा कार्यक्रमहरू देहाय बमोजिम हुनेछन् :–

(१) विद्यार्थी समुदायको हक, हित र अधिकार प्राप्ति र तिनको संरक्षण र सम्बर्द्धनका लागि सदैब क्रियाशील एवम् आन्दोलित हुनु।

(२) विद्यमान पूँजीवादी, नव औपनिवेशिक शिक्षाप्रणालीको अन्त्य र वैज्ञानिक र समाजवादी शिक्षाप्रणाली स्थापनाको लागि सङ्घर्षरत रहनु।

(३) प्राज्ञिक मर्यादा, स्वतन्त्रता र शैक्षिक संस्थाको स्वायत्तताको लागि सक्रिय रहनु।

(४) शैक्षिक अधिकारको ग्यारेन्टी गर्न आन्दोलित हुनुका साथै विद्यार्थीहरूको मानसिक, वौद्धिक, शारीरिक एवम् मनोवैज्ञानिक विकास गरी योग्य नागरिक तयार गर्न विविध रचनात्मक कार्य सञ्चालन गर्नु।

(५) वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिकरूपमा नेपाली समाजमा विद्यमान शोषण र उत्पीडनको अन्त्य गरी आत्मनिर्णयको अधिकारसहित संघीय गणतन्त्रात्मक नेपाललाई जनताको वास्तविक गणतन्त्रमा रुपान्तरण गर्न जनवादी क्रान्तिका बाँकी कार्यभार पुरागर्दै समाजवादको आधार तयार गर्ने लक्ष्य सहित नेपाली जनताले सञ्चालन गर्ने जनआन्दोलन र जनविद्रोहमा पूर्णरूपले सहभागी बन्नु।

(६) जनसमुदायद्वारा विभिन्न पेशागत अधिकार प्राप्तिका लागि सञ्चालन गर्ने न्यायपूर्ण सङ्घर्षको सहयोग र समर्थन गर्नु ।

(७) साम्राज्यवादी तथा विस्तारवादी वैदेशिक हस्तक्षेप र राष्ट्रिय आत्म-समर्पणवादका विरुद्ध प्रतिरोध सङ्घर्षको सञ्चालन गर्नु ।

(८) नेपाली वामपन्थी विद्यार्थी आन्दोलनमा देखापर्ने वैचारिक खराबीहरू, दक्षिणपन्थी अवसरवाद र जडसूत्रीय संशोधनवादका विरुद्धको वैचारिक सङ्घर्षलाई तीव्र बनाउँदै मालेमावादको रक्षा, प्रयोग र विकास गर्नु ।

(९) दलाल तथा नोकरशाही पुँजीवाद विरुद्ध नेकपा(माओवादी केन्द्र) ले सञ्चालन गर्ने सबै न्यायपूर्ण आन्दोलनका साथै विश्वभरिका न्यायपूर्ण विद्यार्थी आन्दोलन र जनताले विश्व साम्राज्यवाद र विस्तारवादका विरुद्ध चलाएको राष्ट्रिय मुक्ति तथा जनमुक्ति आन्दोलन (जनवादी र समाजवादी क्रान्ति) लाई सहयोग र समर्थन गर्नु ।

(१०) राष्ट्रियता, जनतन्त्र र जनजीविकाको ग्यारेन्टी गर्न सञ्चालित तमाम सङ्घर्षलाई सहयोग र समर्थन गर्नु ।

(११) स्वाधीन, आत्मनिर्भर, राष्ट्रियचरित्र अनुरूपको समाजवादी अर्थतन्त्रको पक्षमा उभिनु ।

(१२) मुलुकको स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डताको पक्षमा उभिँदै नेपालको स्वतन्त्रता र सार्वभौमिकतामा आँच आउने सम्पूर्ण राष्ट्रघाती असमान सन्धि-सम्झौताहरूको खारेजीको लागि सङ्घर्ष गर्नु ।

(१३) विभिन्न देशमा रहेका प्रवासी नेपालीहरूले चलाएको न्यायोचित आन्दोलनहरू प्रति ऐक्यवद्धता जाहेर गर्नु ।

(१४) अन्तर्राष्ट्रियरूपमा आधारभूत नीति तथा कार्यक्रम मिल्ने प्रगतिशील क्रान्तिकारी विद्यार्थी तथा अन्य जनबर्गीय संगठनहरूसँग जीवित सम्पर्क कायम गरी अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्नु र मैत्रीपूर्ण भाइचाराको सम्बन्ध कायम गर्नु ।

(१५) शिक्षामा निजीकरण तथा व्यापारीकरण गर्ने, विदेशी दातृराष्ट्र तथा संस्थाको इसारामा चल्ने, अवैज्ञानिक र वुर्जुवा शिक्षा नीतिका विरुद्ध निजी विद्यालयको राष्ट्रियकरणसहित शिक्षाको अन्तरवस्तुमा रहेको सामन्तवादी तथा औपनिवेशिक विषयवस्तुको अन्त्य गरी समाजवादी अन्तर्वस्तु सहितको वैज्ञानिक र जनमूखी शिक्षाको न्यूनतम् मागसहित सङ्घर्ष सञ्चालन गर्नु ।

१६) महिलाहरू माथिको उत्पीडनको अन्त्य गर्न र अरु क्षेत्रमा झैं शिक्षा क्षेत्रमा पनि विशेष अवसर प्रदान गर्नका लागि सङ्घर्ष गर्नु ।

१७) समाजका उत्पीडित, पिछडिएका जाति, जनजाति, दलित तथा दुर्गम क्षेत्रमा विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गराउन सङ्घर्ष गर्नु ।

१८) सबै जातजाति र भाषाका विद्यार्थीहरूलाई मातृभाषामा शिक्षा लिन पाउने अधिकारको ग्यारेन्टीका लागि सङ्घर्ष गर्नु ।

१९) भ्रष्ट र विकृत सामन्ती,दलाल, नोकरशाही तथा पाश्चात्य पूँजीवादी साम्राज्यवादी छाडा संस्कृतिका विरुद्ध सही, जनवादी/समाजवादी र वैज्ञानिक संस्कृति निर्माण गर्नु, प्रगतिशील नैतिकता र आचरणमा जोडदिनु ।

२०) देशमा विद्यमान छाडा, अश्लील, शून्यवादी संस्कृति, अन्धविश्वास, कुरीति र कुसंस्कार, जनविरोधी कला, साहित्य, संस्कृतिको भण्डाफोर गर्दै नेपाली जनताले चलाएको प्रगतिशील,जनवादी सांस्कृतिक आन्दोलनमा सहभागी बन्नु ।

२१) क्रान्तिकारी यूवा विद्यार्थीहरुको एकता र ध्रुवीकरणलाई आत्मसात गर्दै एकता र ध्रुवीकरणलाई जोड दिनु ।

भाग- ३
संगठनात्मक सिद्धान्त

धारा-६ : संगठनको सञ्चालन तथा परिचालन

संगठनको सञ्चालन तथा परिचालनजनवादी केन्द्रीयताको सिद्धान्त अनुरूप हुनेछ । यसका मूल मान्यता र नियमहरू देहाय बमोजिम हुनेछन् :–

(१) सिङ्गो संगठन निम्नानुसार एकीकृत अनुशासनमा आवद्ध हुनेछ :-

क) व्यक्ति संगठनको मातहतमा हुनेछ ।

ख) अल्पमत बहुमतको मातहतमा हुनेछ, अल्पमतको कदर गरिनेछ ।

ग) तल्ला समिति माथिल्लो समितिको मातहतमा हुनेछ ।

घ) सम्पूर्ण समिति र सबै सदस्यहरू केन्द्रीय समितिको मातहतमा हुनेछन् ।

ङ) केन्द्रीय समिति राष्ट्रिय सम्मेलनको मातहतमा हुनेछ ।

(२) संगठनमा भाषा, जाति, वर्ण, लिङ्ग, क्षेत्र, समुदाय र धर्मको आधारमा कुनै भेदभाव हुनेछैन ।

(३) संगठनमा 'छलफलमा स्वतन्त्रता र काम कार्वाहीमा एकरुपता' तथा 'सामूहिक निर्णय र व्यक्तिगत उत्तरदायित्व'को नीतिअनुसार सबै संगठित सदस्यहरूले काम गर्नुपर्नेछ ।

(४) संगठनमा हरेक तहका समितिले संगठनको नीति नियम र विधानको परिधिभित्र रही स्वतन्त्र रुपले काम कारवाही गर्न सक्नेछन् ।

(५) संगठनको माथिल्लो समितिले मातहत समिति र सदस्यहरूलाई कार्यक्रमिक योजना (परिपत्र) जारी गर्नुपर्नेछ र त्यसको नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्नेछ । मातहत समिति र सदस्यहरूले कामको प्रतिवेदन (रिपोर्ट) माथिल्लो समितिमा पठाउनुपर्नेछ ।

(६) कुनै पनि समिति वा सदस्यले सांगठनिक पद्धतिअनुसार आफ्नोमतहरू जाहेर गर्न पाउने अधिकारलाई संगठनले ग्यारेण्टी गर्दछ ।

(७) दुई राष्ट्रिय सम्मेलनबीचमा केन्द्रीय समिति संगठनको सर्वोच्च अङ्ग मानिनेछ ।

(८) राष्ट्रिय सम्मेलन संगठनको सर्वोच्च नेतृत्वदायी अङ्ग हुनेछ । राष्ट्रिय सम्मेलनले संगठनको आम नीति, कार्यक्रम र विधान तय गर्नेछ र केन्द्रीय समितिको निर्वाचन गर्नेछ ।

(९) तोकिएको अवधिमा राष्ट्रिय सम्मेलन हुन नसक्ने स्थिति भएमा राष्ट्रिय सम्मेलनप्रति उत्तरदायी हुने गरी राष्ट्रिय भेला र विस्तारित बैठकद्वारा आवश्यक नीति तथा कार्यक्रम तय गर्न सक्नेछ ।

(१०) हरेक तहका समिति निर्माण गर्दा समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसात गरिनेछ ।

भाग-४
सदस्यता

धारा-७ : सदस्यताको लागि आवश्यक योग्यता

(१)अनेरास्ववियू (क्रान्तिकारी)को नीति, उद्देश्य, कार्यक्रम र विधानलाई निःशर्त मान्ने ।

(२) कुनै पनि शिक्षण संस्थामा नियमितरूपले अध्ययनरत ।

(३) कुनै पनि शैक्षिक स्तरको प्राइभेट परीक्षा दिइरहेको ।

(४) अनुचित सामाजिक अपराध र जनविरोधी क्रियाकलापमा संलग्न नभएको ।

(५) विद्यार्थी हक-हित र अधिकारका लागि सङ्घर्ष गर्दा झुट्टा अभियोगमा बन्दी भएका वा शिक्षण संस्थाबाट निष्काशित भएका विद्यार्थीको सन्दर्भमा सदस्यताको अवधि तोकिनेछैन ।

(६) साधारण सदस्यता अवधि १ वर्षको हुनेछ । हरेक वर्ष रु. १०।- सदस्यता शुल्क तिरी नवीकरण गर्नुपर्नेछ ।

(७) नेपालका कुनै पनि शिक्षण संस्थामा अध्यनरत विदेशी विद्यार्थीलाई जिल्ला समितिसम्मले अतिथि सदस्यता दिन सक्नेछ । त्यसको अनुमोदन केन्द्रीय समितिले गर्नुपर्नेछ ।

(८)विदेशमा अध्ययनरत नेपाली विद्यार्थीको हकमा विदेश विभागले इकाइहरु निर्माण गरी सदस्यता वितरण गर्न सक्नेछ ।

(९) सदस्यता वितरण र नवीकरण सबै तहको समितिले गर्न सक्नेछन् ।

(१०) सदस्यतालाइ डिजिटल फर्म्याटमा लगिनेछ । केन्द्रीय समिति र केन्द्रीय समितिको अनुमतिमा प्रदेश समितिले सदस्यता प्रकाशन गरी वितरण पनि गर्न सक्नेछन् । तर, सदस्यता शुल्क र सदस्यताको विवरण केन्द्रीय कार्यालयमा अनिवार्य पठाउनु पर्नेछ ।

धारा-८ : सदस्यताको प्रकार

सदस्यता दुई प्रकारको हुनेछ ।

(१)साधारण सदस्य : संगठनको विचार, नीति र कार्यक्रमलाई मान्ने तर कुनै पनि समितिमा संगठित नभएको विद्यार्थीलाई प्रदान गरिनेछ ।

(२) संगठित सदस्य : संगठनको कुनै पनि तहमा संगठित विद्यार्थीलाई प्रदान गरिनेछ ।

धारा-९ : सदस्यको काम र कर्तव्य

(१) संगठनको नीति, विचार, कार्यक्रम र उद्देश्यहरू आम विद्यार्थीहरू बीचमा प्रचार-प्रसार गर्नु र तिनीहरूलाई सङ्गठित रूपमा परिचालित र आन्दोलित गर्नु ।

(२) देश, जनता र विद्यार्थी समुदायको निम्ति निरन्तर सङ्घर्ष गर्नु र सङ्घर्षको क्रममा वीरगति प्राप्त गर्ने योद्धाहरूको बलिदानी आदर्शलाई आत्मसात गर्नु ।

(३) संगठनको अनुशासन, आदेश र निर्णयलाई पालना गर्नु र अरु सदस्यहरूसँग प्रगतिशील नैतिकता र अुनशासनबारे व्यापक छलफल चलाई दृढ गराउनु ।
(४) आफ्ना गल्ती, कमजोरीप्रति आत्मालोचित हुँदै पुनः नदोहोऱ्याउने र अरुको गल्ती कमजोरीलाई संगठनात्मक पद्धतिअनुसार स्वस्थ आलोचनाद्वारा सच्चाउन सहयोग गर्नु ।
(५) संगठनले आयोजना गरेका हरेक कार्यक्रम तथा आन्दोलनमा सहभागी बन्नु ।
(६) सङ्गठित सदस्यले नियमित रुपमा लेबी तिर्नु ।

धारा-१० : सदस्यको अधिकार

(१) संगठित सदस्यलाई कुनै पनि तहको नेतृत्वदायी पदमा चुन्ने र चुनिने अधिकार हुनेछ । इकाइको तहमा साधारण सदस्यले पनि र अन्य तहमा संगठित सदस्यले आफना प्रतिनिधिहरुलाई चुन्ने र चुनिने अधिकार राख्नेछन् ।
(२) संगठनको सम्मेलन, भेला र बैठकमा भाग लिने र जनवादी अधिकारको प्रयोग गर्दै निर्णय प्रकृयामा सामेल हुने अधिकार हुनेछ ।
(३) संगठनात्मक निर्णयसँग असहमत भए आफ्नो मत सम्बन्धित समिति र सोभन्दा माथिल्ला समितिहरूमा पेश गर्न सक्नेछन् । आवश्कताअनुसार केन्द्रीय समितिको अनुमतिमा केन्द्रीय समिति र राष्ट्रिय सम्मेलनसम्म पेश गर्न सक्नेछन् ।
(४) माथिल्लो समितिमा पेश गरेका आफ्नो निवेदन, पुनरावेदन र उजुरीका सम्बन्धमा समितिसँग जिम्मेवारीपूर्ण उत्तरदायित्वको माग गर्न सक्नेछन् ।

धारा- ११ : सदस्यताको खारेजी

(१)सदस्यता सम्बन्धी शर्तहरू पालना नगरेमा ।
(२) नैतिकपतन भएको व्यवहार गरेमा तथा आचरणहीन ठहरिएमा ।
(३) सदस्यताबाट राजिनामा दिएमावा परित्याग गरेमा ।
(४) दुश्मनको एजेण्ट वा घुसपैठ गरेको ठहरिएमा ।
(५) संगठन विरुद्धका गतिविधिमा संलग्न भएमा, अनास्था फैलाउने, गुटबन्दी गर्ने, गोपनियता भङ्ग गर्ने र संगठनको निर्णयलाई बारम्बार पालना नगर्ने क्रियाकलाप देखिएमा ।
(६) संगठनको उद्देश्य र प्रतिष्ठालाई निजी स्वार्थका लागि प्रयोग गर्न खोजेमा वा गरेमा ।
(७) आर्थिक अनियमितता गरेमा ।
८) एक वर्षमा नविकरण नगरेमा ।

भाग-५
संगठनात्मक ढाँचा

धारा-१२ : संगठनात्मक ढाँचा

क) संगठनको संरचनात्मक ढाँचा ५ तहको हुनेछ । जसमा,

१) राष्ट्रिय सम्मेलनबाट निर्वाचित केन्द्रीय समिति

२) प्रदेश सम्मेलनबाट निर्वाचित प्रदेश समिति

३) जिल्ला समिति / स्थानीय पालिकालाइ संयोजन गर्ने गरी जिल्ला समन्वय समिति

४) स्थानीय पालिकाको संरचना अनुरुपको निर्वाचित गाउँ/नगर समिति

५) निर्वाचित क्याम्पस समिति, इकाई समिति

ख) प्रत्येक तहमा एक व्यक्ति एक पदको मापदण्ड लागु गरिनेछ ।

ग) विभिन्न विश्वविद्यालयहरु र सिटिइभिटिका आंगीक र सम्बन्धन प्राप्त क्याम्पसहरुको केन्द्रीय स्तरको संरचना विश्वविद्यालय / सिटिइभिटि राष्ट्रिय समिति निर्माण गरिनेछ। उक्त विश्वविद्यालय/ सिटिइभिटि राष्ट्रिय समिति विश्वविद्यालय तथा सिटिइभिटि स्तरको राष्ट्रिय भेलाबाट निर्वाचित हुनेछ।

घ) नीतिगत अंगको रुपमा केन्द्रमा केन्द्रीय परिषद बनाइने छ। प्रदेशमा प्रदेश परिषद बनाइने छ।

धारा-१३ : राष्ट्रिय सम्मेलन

(१) संगठनको राष्ट्रिय सम्मेलन संगठनको सर्वोच्च निकाय रहनेछ।

(२) राष्ट्रिय सम्मेलनले केन्द्रीय समिति निर्वाचित गर्नेछ। दुई राष्ट्रिय सम्मेलन बीचको सर्वोच्च कार्यकारी अङ्ग केन्द्रीय समिति नै हुनेछ।

(३)राष्ट्रिय सम्मेलनले विगतको मूल्याङ्कन, तात्कालिक राष्ट्रिय अन्तर्राष्ट्रिय स्थितिको ठोस विश्लेषण गरेर संगठनको मार्गदर्शक नीति, उद्देश्य तय गर्नुका साथै उक्त उद्देश्य पुरा गर्न उपयुक्त कार्यक्रम र कार्ययोजना समेत तय गर्नेछ।

(४) राष्ट्रिय सम्मेलनको आयोजना केन्द्रीय समिति वा केन्द्रीय समितिद्वारा आयोजना गरिएको विस्तारित बैठक वा राष्ट्रिय भेलाद्वारा निर्वाचित आयोजक समितिले गर्न सक्नेछ।

(५) खास अवस्थामा केन्द्रीय समितिको बहुमत सदस्य र बहुमत जिल्ला समितिले राष्ट्रिय सम्मेलनको माग गर्न सक्नेछन्। माग बमोजिम ६ महिनाभित्र राष्ट्रिय सम्मेलनको आह्वान गर्न सक्नेछन्।

(६) २/२ वर्षमा राष्ट्रिय सम्मेलन हुनेछ। अवधि समाप्त भए पछि केन्द्रीय समिति स्वतः आयोजक समितिमा बदलिनेछ। त्यसो हुँदा थप ६ महिना भन्दा बढी नहुने गरी राष्ट्रिय सम्मेलन गरिनेछ।

धारा १४ : केन्द्रीय समिति

(क) जिल्लाको समानुपातिक प्रतिनिधित्वको आधारमा राष्ट्रिय सम्मेलनले केन्द्रीय समिति निर्वाचित गर्नेछ।

(ख) आवश्यकताको आधारमा पदाधिकारी सहित केन्द्रीय समितिमा कुल २९९ सदस्य रहनेछ। एकता प्रकृया, राष्ट्रिय सम्मेलन आयोजक समिति वा अन्य कुनै विशेष अवस्थामा केन्द्रीय समितिको संख्या थपघट गर्न सकिने छ।

(ग) केन्द्रीय समितिको बढिमा एक तिहाई सचिवालय हुनेछ। आवश्यकता अनुसार केन्द्रीय कार्यालय, केन्द्रीय विभागहरु तथा केन्द्रीय सदस्यहरुको कार्य विभाजन गर्न सक्नेछ।

(घ) केन्द्रीय समितिको नियमित बैठकको आयोजना केन्द्रीय कार्यालयले गर्नेछ तर केन्द्रीय समितिका १/३ सदस्यको माग भएमा केन्द्रीय समितिको पूर्ण बैठक माग भएको १ महिना भित्र बोलाउनु पर्नेछ। त्यस्तो बैठक जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(ङ) संगठनले पारित गरेका नीति, उद्देश्य र आम कार्यक्रम एवम् विधानलाई कार्यान्वयन गर्न ठोस योजना बनाउनेछ।

(च) संगठन मातहत सम्पूर्ण समिति र सदस्यहरूलाई वैचारिक, नीतिगत र संगठनात्मक नेतृत्व प्रदान गर्नेछ।

(छ) संगठन संचालनका लागि आवश्यक कार्यविधि र निर्देशिकाहरु निर्माण गरी जारी गर्नेछ।

धारा १५ : केन्द्रीय समितिको निर्वाचन

क) राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरुले केन्द्रीय समिति सदस्य तथा पदाधिकारी निर्वाचित गर्नेछन्।

ख) आवश्यकताको आधारमा पदाधिकारी सहित केन्द्रीय समितिमा कुल २९९ सदस्य रहनेछ।

ग) केन्द्रीय समिति निर्माण गर्दा संविधान बमोजिम समाबेशी समानुपातिक विधी, प्रादेशिक सन्तुलन, शैक्षिक घनत्व, संगठित सदस्यता लगायत अन्य बिशिष्ठतालाइ मध्यनजर गर्नुपर्नेछ।

घ) केन्द्रीय सदस्यहरुको कुल संख्या मध्येवाट सागठनिक, भौगोलिक, शैक्षिक घनत्व, संगठित सदस्यताका

आधारमा प्रत्येक प्रदेशको केन्द्रीय सदस्यको संख्या केन्द्रीय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

ङ) सबै केन्द्रीय सदस्यहरु, प्रदेशहरु तथा विश्वविद्यालय समितिको तर्फबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुले निर्धारित संख्या बराबरको केन्द्रीय सदस्यहरु निर्वाचित गर्नेछन् ।

केन्द्रीय समिति र त्यसको प्रतिनिधित्वका ढाँचा अनुसूचि ४ मा उल्लेख गरे बमोजिमको हुनेछ ।

धारा १६: केन्द्रीय परिषद्

(१) देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहेको केन्द्रीय परिषद्रहनेछः

(क) केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू,

(ख) केन्द्रीय आयोगका पदाधिकारी र सदस्यहरू,

(ग) प्रदेश समितिका पदाधिकारी र सदस्यहरू,

(घ) विश्वविद्यालय / सिटिइभिटि राष्ट्रिय समितिका पदाधिकारीहरु

(ङ) केन्द्रीय विभागका सचिवहरु

(२) केन्द्रीय परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) केन्द्रीय परिषद नीति निर्माणको तहको रुपमा रहनेछ । निर्वाचित केन्द्रीय समितिको पहिलो बैठकले केन्द्रीय परिषदको गठन गर्नेछ । गठन भएको ३ महिना भित्र परिषदको पहिलो बैठक बस्ने छ । त्यस पछि एउटा बैठक देखि अर्को बैठकको अवधि एक वर्ष नकटाइ हुनेछ । परिषदको अन्तिम बैठक विधान सम्मेलनको रुपमा हुनेछ ।

(ख) केन्द्रीय समितिका तर्फबाट प्रस्तुत राजनीतिक तथा सब्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,

(ग) केन्द्रीय आयोगका तर्फबाट प्रस्तुत प्रतिवेदनहरुमाथि छलफल गरी सुझाव दिने,

(ग) आयोगका रिक्त पदाधिकारीहरुको नियुक्ति गर्ने,

(ब) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका समसामयिक बिषयहरुमा प्रस्तावहरू पारित गर्ने

धारा १७ : प्रदेश समिति

क) ७ वटा प्रादेशिक संरचना र काठमाण्डौ उपत्यका भित्र उपत्यका विशेष प्रदेश सहित ८ वटा प्रादेशिक समिति हुनेछ ।

ख) जिल्लाहरुको समानुपातिक प्रतिनिधित्व समेतको आधारमा प्रदेश समिति प्रदेश सम्मेलनले निर्वाचित गर्नेछ ।

ग) ११ सदस्यीय पदाधिकारी सहित निर्वाचित प्रदेश समिति अधिक्तम १२१ सदस्यीय सम्म हुनेछ । एकता प्रक्रिया, प्रदेश सम्मेलन आयोजक समिति वा अन्य कुनै विशेष अवस्थामा केन्द्रीय कार्यालयको स्वीकृतिले प्रदेश समितिको संख्या थपघट गर्न सकिनेछ ।

घ) प्रदेश समितिको बढीमा एक तिहाई सचिवालय हुनेछ । प्रदेश समितिले आवश्यकता अनुसार, प्रदेश कार्यालय, प्रदेश सचिवालय र विभागहरुको गठन गर्ने तथा प्रदेश सदस्यहरुको कार्यविभाजन गर्न सक्नेछ ।

ङ) प्रदेश कार्यालयले प्रदेश समितिको नियमित बैठकको आयोजना गर्नेछ। तर, प्रदेश समितिका एक तिहाई सदस्यको माग भएमा प्रदेश समितिको पूर्ण बैठक १५ दिनभित्र बोलाउनु पर्नेछ ।

च) संगठनले पारित गरेका नीति, उदेश्य र आम कार्यक्रम एवम् विधानलाई कार्यान्वयन गर्न ठोस योजना बनाउन सक्नेछ ।

छ) मातहतका समिति र सदस्यहरुलाई वैचारिक, नीतिगत र संगठनात्मक नेतृत्व प्रदान गर्नेछ ।

ज) विधानको परिधिभित्र रहेर आवश्यक कार्यविधि र निर्देशिकाहरु निर्माण गरि जारी गर्नेछ ।

धारा-१८: प्रदेश समितिको निर्वाचन

क) प्रदेश सम्मेलनका प्रतिनिधिहरुले प्रदेश समिति सदस्य तथा पदाधिकारी निर्वाचित गर्नेछन् ।

ख) प्रदेश समिति ११ जना पदाधिकारी सहित अधिक्तम १२१ जनाको हुनेछ। जसमा १ अध्यक्ष, २ समाबेशी सहित ४ उपाध्यक्ष, १ प्रमुख सचिव, २ समाबेशी सहित ४ सचिव र १ कोषाध्यक्ष रहनेछन् । प्रदेश समितिका अध्यक्षहरु केन्द्रिय समितिको पदाधिकारी, उपाध्यक्षहरु र प्रमुख सचिवहरु सचिवालय सदस्य सरह र वाँकी पदाधिकारीहरु केन्द्रिय सदस्य सरह हुनेछन् । अध्यक्षहरुले केन्द्रीय समितिको पदाधिकारी
बैठकमा सहभागी हुन पाउने छन् भने उपाध्यक्षहरु र प्रमुख सचिवहरुले केन्द्रीय समितिको सचिवालयको बैठकमा सहभागी हुन पाउनेछन् । वाँकी पदाधिकारीहरुले केन्द्रिय समितिको बैठकमा सहभागी हुन पाउनेछन् ।

ग) समिति निर्माण गर्दा समाबेशी समानुपातिक बिधी, प्रादेशिक सन्तुलन, शैक्षिक घनत्व, संगठित सदस्य

लगायतका अन्य विशिष्ठतालाइ ख्याल गर्नुपर्नेछ ।

घ) प्रदेश सदस्यहरुको अनुपात वितरण सम्वन्धि व्यवस्था सागठनिक, भौगोलिक र शैक्षिक घनत्वका आधारमा केन्द्रीय कार्यालयको स्वीकृतिमा प्रदेश समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

ङ) प्रदेश सदस्यको हकमा सम्वन्धित जिल्ला, स्थानिय तह, क्याम्पस समितिबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुले निर्धारित संख्या बराबरको प्रदेश सदस्यहरुलाई निर्वाचित गर्नेछन् ।

धारा- १९ . प्रदेश परिषद्

(१) प्रदेश परिषद्मा देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहनेछन्:

(क) प्रदेश समितिका पदाधिकारी र सदस्यहरू,

(ख) जिल्ला समितिका पदाधिकारीहरु / जिल्ला समन्वय समितिका संयोजकहरु,

(ग) प्रदेश विभागका सचिवहरू,

(घ) महानगर,नगर /गाउँपालिकाका पदाधिकारीहरु,

(ब) क्याम्पस समितिका पदाधिकारीहरु ।

(२) प्रदेश परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) प्रदेश समितिका तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,

(ख) प्रदेश स्तरीय महत्वका समसामयिक बिषयमा प्रस्तावहरू पारित गर्ने ।

धारा-२० : विश्वविद्यालय / सिटिइभिटि राष्ट्रिय समिति

क) विश्वविद्यालय र सिटिइभिटीमा राष्ट्रिय समिति निर्माण गरिने छ। उक्त समिति ९ सदस्य पदाधिकारी र बढिमा २७ सदस्य हुनेछ। जसमा जसमा १ अध्यक्ष, ३ उपाध्यक्ष, १ प्रमुख सचिव, ३ सचिव र १ कोषाध्यक्ष रहनेछन्। पदाधिकारीमा न्युनतम् २ छात्रा सहित ४ जना समावेशी अनिवार्य हुनुपर्दछ। राष्ट्रिय समितिका अध्यक्षहरु केन्द्रिय समितिको सचिवालय सदस्य सरह र उपाध्यक्षहरु र प्रमुख सचिवहरु केन्द्रिय सदस्य सरह हुनेछन्। राष्ट्रिय समितिका अध्यक्षहरुले केन्द्रीय समितिको सचिवालयको बैठकमा सहभागी हुन पाउनेछन्। उपाध्यक्षहरु र प्रमुख सचिवहरुले केन्द्रिय समितिको बैठकमा सहभागी हुन पाउनेछन्।

ख) विभिन्न विश्वविद्यालय र सिटिइभिटीको छुट्टाछुट्टै परिषद निर्माण गर्न सकिने छ । उक्त परिषदमा राष्ट्रिय समितिका पदाधिकारी र सदस्यहरु, राष्ट्रिय समिति अर्न्तगतका विशेष जिल्ला समितिका पदाधिकारी /संयोजकहरु, राष्ट्रिय समितिका विभागका सचिवहरु र शिक्षलय समितिका अध्यक्ष सम्मको प्रनिधित्व रहने छ। शैक्षिक प्रतिष्ठानहरुलाई समन्वय गर्नेगरि आवश्यक संरचना निर्माण गर्न सक्ने छन्।

ग) कुनै विशेष अवस्थामा केन्द्रीय कार्यालयले विश्वविद्यालय / सिटिइभिटि राष्ट्रिय समितिको संख्या थपघट गर्न सक्नेछ।

घ) समितिले आवश्यकता अनुसार कार्यालय, सचिवालय र विभागहरुको गठन गर्ने तथा सदस्यहरुको कार्यविभाजन गर्न सक्नेछ।

ङ) संगठनले पारित गरेका नीति, उद्देश्य र आम कार्यक्रम एवम् विधानलाई कार्यान्वयन गर्न ठोस योजना बनाउन सक्नेछ।

च) मातहातका समिति र सदस्यहरुलाई वैचारिक, नीतिगत र संगठनात्मक नेतृत्व प्रदान गर्नेछ।

छ) विधानको परिधिभित्र रहेर आवश्यक कार्यविधि र निर्देशिकाहरु निर्माण गरि जारी गर्नेछ।

धारा-२१ : जिल्ला समिति /जिल्ला समन्वय समिति

क) स्थानिय तह, क्याम्पस, इकाई समितिहरुको समानुपातिक प्रतिनिधित्वको समेतको आधारमा जिल्ला सम्मेलनले जिल्ला समिति निर्वाचित गर्नेछ।

ख) ५००० भन्दा कम साधारण सदस्य भएमा ७ जना पदाधिकारी सहित वढीमा ५१ सदस्यीय जिल्ला समिति हुनेछ। ५००० भन्दा बढि साधारण सदस्य भएको जिल्ला समिति बढिमा ७५ सदस्यीय हुनेछ। जसमा ९ जना पदाधिकारी रहनेछन्।

ग) एकता प्रक्रिया, जिल्ला सम्मेलन आयोजक समिति वा अन्य विशेष अवस्थामा प्रदेश कार्यालयको स्वीकृतिले जिल्ला समितिको संख्या थपघट गर्न सकिनेछ।

घ) जिल्ला समितिको बढीमा एक तिहाई सचिवालय हुनेछ। जिल्ला समितिले आवश्यकता अनुसार, जिल्ला कार्यालय, सचिवालय र विभागहरुको गठन गर्ने तथा जिल्ला सदस्यहरुको कार्यविभाजन गर्न सक्नेछ।

ब) जिल्ला कार्यालयले जिल्ला समितिको नियमित बैठकको आयोजना गर्नेछ । तर, जिल्ला समितिका एक तिहाई सदस्यको माग भएमा जिल्ला समितिको पूर्ण बैठक १५ दिनभित्र बोलाउनु पर्नेछ ।

च) संगठनले पारित गरेका नीति, उद्देश्य र आम कार्यक्रम एवम् विधानलाई कार्यान्वयन गर्न ठोस योजना बनाउन सक्नेछ ।

ज) मातहतका समिति र सदस्यहरुलाई वैचारिक, नीतिगत र संगठनात्मक नेतृत्व प्रदान गर्नेछ ।

छ) विधानको परिधिभित्र रहेर आवश्यक कार्यविधि र निर्देशिकाहरु निर्माण गरी जारी गर्नेछ ।

माथी जुनसुकै कुरा लेखिएता पनि राष्ट्रिय सम्मेलन पछि जिल्ला समिति जिल्ला समन्वय समितिमा बदलिने छ ।

धारा २२ जिल्ला समिति /जिल्ला समन्वय समितिको निर्वाचन

क) जिल्ला सम्मेलनका प्रतिनिधिहरु मध्येबाट जिल्ला सदस्य तथा पदाधिकारी निर्वाचित हुनेछन्।

ख) ५००० भन्दा कम साधारण सदस्य भएमा ७ जना पदाधिकारी सहित बढीमा ५१ सदस्यीय जिल्ला समिति हुनेछ । ५००० भन्दा बढि साधारण सदस्य भएको जिल्ला समिति बढिमा ७५ सदस्यीय हुनेछ । जसमा ९ जना पदाधिकारी रहनेछन् । जिल्ला समितिको कुल संख्याको १० प्रतिशत मनोनित हुनेछन् ।

ग) समिति निर्माण गर्दा समाबेशी समानुपातिक बिधी, प्रादेशिक सन्तुलन, लगायत अन्य विशिष्ठताका आधारमा गर्नुपर्नेछ ।

घ) जिल्ला सदस्यहरु स्थानिय तह, क्याम्पस, इकाई आदीवाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुले निर्धारित संख्या बराबरको सदस्यहरु निर्वाचित गर्नेछन्।

माथी जुनसुकै कुरा लेखिएता पनि राष्ट्रिय सम्मेलन पछि सबै जिल्ला समितिहरु जिल्ला समन्वय समितिमा बदलिने छन ।

धारा-२३ : महानगर, उपमहानगर, नगर र गाउँ समिति

सम्मेलनद्वारा निर्वाचित महानगर,नगर, गाउँ समिति ४५ सदस्यीय हुनेछ । जसमा ९ सदस्यीय पदाधिकारी हुनेछ ।

धारा २४ : क्याम्पस ,विद्यालय समिति

क्याम्पस समिति ४५ सदस्यीय हुनेछ । जसमा ९ सदस्यीय पदाधिकारी हुनेछ । विद्यालय तहको समितिहरु संगठनको आधारभूत समितिको रुपमा रहनेछ । यो तहको समिति ५ सदस्यीय पदाधिकारी सहित अधिकतम ३५ सदस्यीय रहनेछ ।

धारा २५ : केन्द्रीय निकाय

केन्द्रीय निकायका रुपमा अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोग, अनुगमन तथा मुल्याङ्कन आयोग, नीति आयोग रहनेछ । आयोगका अध्यक्षहरु पदाधिकारी र सचिवहरु सचिवालय सदस्य सरह हुनेछन् । आयोगका अध्यक्षहरुले केन्द्रीय समितिको पदाधिकारी बैठकमा सहभागी हुन पाउने छन् भने आयोगका सचिवहरुले केन्द्रीय समितिको सचिवालयको बैठकमा सहभागी हुन पाउनेछन् । सदस्यहरु प्रदेशको पदाधिकारी सरह हुनेछन् । आयोगका सदस्यहरुले प्रदेश समितिको पदाधिकारी बैठकमा सहभागी हुन पाउनेछन्।

क) अनुशासन आयोग

१) संगठनमा अनुशासन कायम गर्नका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

२) कुनै पनि सदस्य र पदाधिकारीले खराव आचरण गरेको प्रश्न उठाई उजुरी दिदाँ आयोगमा उजुरी दिनुपर्नेछ । आयोगले उजुरीउपर आवश्यक छानविन गरि रायसहितको प्रतिवेदन सम्वन्धित कमिटिलाई दिनेछ ।

३) आयोगले आफनो अधिकार, प्रत्यायोजन गर्न पाउनेछैन । कारवाहीको सवालमा आयोगको निर्णय स्वीकार्य हुनेछ ।

४) केन्द्रीय सदस्य बाहेकको हकमा कारवाही उपर आयोगमा नै पूनरावेदन गर्न सक्नेछ ।

५) अधिवेशन/सम्मेलनमा विवाद देखा परेमा त्यसको छानविन गरि समाधानका लागि पहल गर्ने ।

६) कमिटि र कमिटिका सदस्यहरुलाई अनुशासित र मर्यादित वनाउन आवश्यक राय, सुझाव र परामर्श दिने ।

७) आयोगको कार्यसम्पादन नियमावली तयार गरी केन्द्रीय समिति बैठकमा पेश गर्ने र सो अनुसार अन्य कार्यहरु गर्ने ।

८) केन्द्रीय समिति बैठकले दिएको विशेष जिम्मेवारी पूरा गर्ने ।

९) अनुशासन सम्वन्धि विषयमा अर्न्तक्रिया, गोष्ठि, छलफल तथा प्रशिक्षण कार्यक्रम गर्ने ।

ख) अनुशासन आयोगको गठन विधि

१) एक प्रमुख, एक उपप्रमुख सहित १५ सदस्यीय अनुशासन आयोग हुनेछ ।

२) राष्ट्रिय सम्मेलनले प्रतिनिधिहरुवाट प्रमुख, उपप्रमुख र सदस्य निर्वाचित गर्नेछ ।

३) आयोगले सदस्यहरु मध्येबाट सचिव चयन गर्न सक्नेछ ।

ग) निर्वाचन आयोग

१) संगठनको निर्वाचन सम्वन्धि नियमावली निर्माण गरी केन्द्रीय समिति बैठकमा पेश गर्ने र कार्यान्वयन गर्ने/गराउने ।

२) प्रदेश समिति, जिल्ला समिति, विश्वविद्यालय, क्याम्पस, इलाका (स्थानिय स्तरका कमिटि), इकाई समिति आदिको निर्वाचन कार्य सम्पन्न गर्ने गराउने ।

३) संगठनमा निर्वाचन संहिता तयार गरि लागु गर्ने ।

४) समितिहरुको निर्वाचनसाग सम्वन्धित उजुरी सुन्ने , सदर वदर र छानविन गरि आवश्यकता महसुस भएमा पून निर्वाचन गर्न गराउन निर्देशन दिने ।

५) निर्वाचन सम्वन्धि विषयमा अर्न्तक्रिया, गोष्ठि, छलफल तथा प्रशिक्षण कार्यक्रम गर्ने ।

६) निर्वाचन सम्वन्धि मापदण्ड, आचारसंहिता लागु भए नभएको अनुगमन गर्ने ।

७) समिति निर्माणमा सर्वसम्मत हुन नसके निर्वाचन अनिवार्य मानिनेछ । निर्वाचनमा जाँदा निर्वाचन सम्वन्धि सबै प्रक्रिया अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ ।

८) निर्वाचन आयोगले अन्तिम प्रमाणिकरण नगरेसम्म प्रतिनिधिहरु मतदाताका रुपमा स्वीकृत र वैध भएको मानिने छैन ।

९) राष्ट्रिय सम्मेलनको हकमा पार्टीको निर्वाचन आयोगको कार्यविधिका आधारमा निर्वाचन कार्यका लागि कानुनविद्, पार्टी नेता आदीको संग्लग्नतामा ७ सदस्यीय निर्वाचन समिति बनाउनेछ । र त्यस्तो समितिले निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

घ) निर्वाचन आयोग गठन विधि

१) एक प्रमुख, एक उपप्रमुख सहित १५ सदस्यीय निर्वाचन आयोग हुनेछ ।

२) राष्ट्रिय सम्मेलनले प्रतिनिधिहरुवाट प्रमुख, उपप्रमुख र सदस्य निर्वाचित गर्नेछ ।
३) आयोगले सदस्यहरु मध्येबाट सचिव चयन गर्न सक्नेछ ।

ङ) लेखा आयोग
१) संगठनको केन्द्रदेखि जिल्ला सम्मका समितिहरुकोआय-ब्ययको निरिक्षण, अनुगमन र लेखा परिक्षण गर्ने ।
२) लेखा परिक्षणको प्रतिवेदन केन्द्रीय समिति बैठकमा पेश गर्ने ।
३) लेखा परिक्षण कार्य सम्पादन नियमावलि तयार गरि केन्द्रीय समिति बैठकमा पेश गर्ने र कार्यान्वयनमा कडाई गर्ने ।
४) लेखा परिक्षण सम्वन्धि विषयमा अर्न्तक्रिया, गोष्ठि, छलफल तथा प्रशिक्षण कार्यक्रम गर्ने ।

च) लेखा आयोगको गठन विधि
१) एक प्रमुख, एक उपप्रमुख सहित १५ सदस्यीय अनुशासन आयोग हुनेछ ।
२) राष्ट्रिय सम्मेलनले प्रतिनिधिहरुवाट प्रमुख, उपप्रमुख र सदस्य निर्वाचित गर्नेछ ।
३) आयोगले सदस्यहरु मध्येबाट सचिव चयन गर्न सक्नेछ ।

छ) अनुगमन तथा मुल्याङ्कन आयोग

१) संगठनका घोषित नीति तथा कार्यक्रमहरुको कार्यन्वयनको अवस्थाको अनुगमन गर्ने ।

२) अनुगमनबाट प्राप्त तथ्यको आधारमा कार्यन्वयन गर्ने समितिहरुको, कार्यन्वयन गर्न जिम्मेवारी प्रदान गरिएका कमरेडहरुको मुल्याङ्कन गर्ने ।

३) अनुगमन तथा मुल्याङ्कनका आधार तथा मापदण्ड तयार गरी संगठनका अध्यक्षलाई पेश गर्ने ।

४) संगठनका अध्यक्षले केन्द्रिय समितिबाट पास गराएका आधार तथा मापदण्डको आधारमा अनुगमन तथा मुल्याङ्कन गर्ने ।

ज) अनुगमन तथा मुल्याङ्कन आयोग गठन विधी

१) एक प्रमुख, एक उपप्रमुख सहित १५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन आयोग हुनेछ ।
२) राष्ट्रिय सम्मेलनले प्रतिनिधिहरुवाट पमुख, उपप्रमुख र सदस्य निर्वाचित गर्नेछ ।
३) आयोगले सदस्यहरु मध्येबाट सचिव चयन गर्न सक्नेछ ।

झ) नीति आयोग

१) संगठनका नीतिहरु निर्माणको आधार तयार गर्ने ।

२) संगठनका प्रचलित नीतिहरु संशोधन गर्नुपर्ने भएमा त्यसको आवश्यकता र औचित्यता लगायत विषयमा छलफल अन्तक्रिया गर्ने ।

३) नीति निर्माण सँग सम्बन्धित आवश्यक रिपोर्ट अध्यक्षलाई पेश गर्ने ।

ञ) नीति आयोग गठन विधी

१) एक प्रमुख, एक उपप्रमुख सहित १५ सदस्यीय नीति आयोग हुनेछ ।
२) राष्ट्रिय सम्मेलनले प्रतिनिधिहरुवाट पमुख, उपप्रमुख र सदस्य निर्वाचित गर्नेछ ।
३) आयोगले सदस्यहरु मध्येबाट सचिव चयन गर्न सक्नेछ ।

धारा-२६ : समितिहरुको कार्यकाल

क)केन्द्रीय समितिको कार्यकाल २ वर्षको हुनेछ। २ वर्ष पुरा हुनुभन्दा ३ महिना अगावै केन्द्रीय समिति राष्ट्रिय सम्मेलन आयोजक समितिमा बदलिने छ। २ वर्ष भित्रमा सम्मेलन हुन नसकेमा केन्द्रीय समिति स्वतः तदर्थ समितिमा बदलिने छ।

ख)प्रदेश समिति र विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिको कार्यकाल २ वर्षको हुनेछ । २ वर्ष भित्रमा सम्मेलन / भेला हुन नसकेमा केन्द्रीय समितिले ३ महिना भित्रमा सम्मेलन / भेला गर्ने गरी आयोजक समिति बनाउने छ।

ग)जिल्ला समितिको कार्यकाल १ वर्षको हुनेछ। १ वर्ष भित्रमा सम्मेलन गर्न या हुन नसकेमा प्रदेश समितिले ३ महिनाभित्र सम्मेलन गर्नेगरी जिल्ला सम्मेलन आयोजक समिति गठन गर्नेछ।

घ)क्याम्पस, नगर र गाउँ समितिको कार्यकाल १ वर्षको हुनेछ। १ वर्ष भित्रमा सम्मेलन गर्न नसके उक्त समिति स्वतः सम्मेलन आयोजक समितिमा बदलिने छ।

ब) विद्यालय र इकाइ समितिको कार्यकाल १ वर्षको हुनेछ

धारा-२७ :विभिन्न तहमा उम्मेदवार बन्नको लागि प्रावधान र योग्यता

क) विद्यालय समिति सदस्य र पदाधिकारीको उम्मेदवार बन्नका लागि :

१. विद्यालय समिति सदस्यमा मातहका साधारण सदस्यहरु उम्मेदवार हुन सक्नेछन्।

२. पदाधिकारीमा मातहतका संगठित सदस्यहरु उम्मेदवार बन्न सक्नेछन्।

३. उम्मेदवारले कम्तिमा संगठनको विधान तथा प्रतिवेदन र अन्य प्रकाशनहरु पढेको हुनुपर्नेछ।

ख) क्याम्पस, नगर र गाउँ समिति सदस्य र पदाधिकारीको उम्मेदवार बन्नका लागि :

१. सदस्यमा विद्यालय तथा मातहत इकाइ समितिका पदाधिकारीहरु उम्मेदवार हुन सक्नेछन

२. समितिको पदाधिकारीमा समितिका सदस्यहरुले मात्र उम्मेदवारी दिन पाउनेछन्

३. अध्यक्षमा भने एक कार्यकाल पदाधिकारी भैसकेकोले मात्र उम्मेदवारी दिन पाउनेछ

४. विधान, प्रतिवेदनलगायत संगठनको प्रकाशनहरु अध्ययन गरेको हुनुपर्नेछ

५. सदस्यको हकमा संगठनको साधारण सदस्यता लिएको कम्तिमा १ वर्ष र पदाधिकारीको हकमा साधारण सदस्यता लिएको कम्तिमा २ वर्ष पुगेको हुनुपर्नेछ।

६. माथी जुनसुकै कुरा लेखिएको भएपनि सम्मेलनको प्रतिनिधि नभएको व्यक्तिले कुनै पनि तहमा उम्मेदवारी दिन पाउने छैन।

ग) जिल्ला समिति सदस्य र पदाधिकारीको उम्मेदवार बन्नका लागि :

१. जिल्ला समित सदस्यमा गाउँ, नगर तथा क्याम्पस समितिका पदाधिकारीहरु वा सो सरह जिम्मेवारी बहन गरीसकेकाले उम्मेदवारी दिन सक्नेछन

२. जिल्ला समितिको पदाधिकारीमा उम्मेदवारी दिन कम्तिमा एक कार्यकाल जिल्ला समिति सदस्य भएको वा सो सरहको जिम्मेवारी बहन गरीसकेको हुनुपर्नेछ।

३. अध्यक्ष पदको लागि एक कार्यकाल जिल्ला समितिको पदाधिकारी भैसकेको वा सो सरहको जिम्मेवारी बहन गरिसकेको व्यक्तिले मात्र उम्मेदवारी दिन पाउनेछन् ।

४. जिल्ला सम्मेलनमा उम्मेदवारी दिने सबै प्रतिनिधिले अनिवार्य रुपमा संगठनको विधान, प्रतिवेदन संगै मालेमावादी र प्रगतिशील साहित्य, द्वन्द्वात्मक भौतिकवादी दर्शन, इतिहास लगायत संगठनको प्रकाशनहरु अध्ययन गरेको हुनुपर्नेछ

५. जिल्ला सदस्यको उम्मेदवारको हकमा संगठनको साधारण सदस्यता लिएको कम्तिमा ३ वर्ष र पदाधिकारीको उम्मेदवारको हकमा साधारण सदस्यता लिएको कम्तिमा ४ वर्ष पुगेको हुनुपर्नेछ ।

६. माथी जुनसुकै कुरा लेखिएको भएपनि जिल्ला सम्मेलनको प्रतिनिधि नभएको व्यक्तिले कुनै पनि तहमा उम्मेदवारी दिन पाउने छैन ।

समन्वय समितिमा बदलिए पछि माथीका प्राबधान निष्क्रय हुनेछ ।

घ) प्रदेश समिति सदस्य र पदाधिकारीको उम्मेदवार बन्नका लागि :

१. प्रदेश समिति सदस्यमा उम्मेदवारी दिन कम्तिमा एक कार्यकाल जिल्ला समितिको पदाधिकारी वा सो सरहको जिम्मेवारी वहन गरीसकेको हुनुपर्नेछ ।

२. प्रदेश समितिको पदाधिकारीको हकमा कम्तिमा एक कार्यकाल प्रदेश समिति सदस्य वा सो भन्दा माथिल्लो वा सो सरहको जिम्मेवारी वहन गरिसकेको व्यक्तिले उम्मेदवारी दिन सक्नेछ ।

३. प्रदेश समितिको अध्यक्षको उम्मेदवार बन्न कम्तिमा एक कार्यकाल प्रदेश समितिको पदाधिकारी वा केन्द्रीय समितिको सचिवालय सदस्य वा सो सरहको अन्य जिम्मेवारी वहन गरिसकेको हुनुपर्नेछ ।

४. प्रदेश सम्मेलनमा उम्मेदवारी दिने सबै प्रतिनिधिले अनिवार्य रुपमा संगठनको विधान, प्रतिवेदन संगै मार्क्सवादी, लेनिनवादी र माओवादी दर्शन, साहित्य, इतिहास, राजनीति तथा नेपाली कम्युनिष्ट आन्दोलनलगायत विभिन्न विद्वानहरुका जीवनी र संगठनको प्रकाशनहरु अध्ययन गरेको हुनुपर्नेछ ।

५. प्रदेश सदस्यको उम्मेदवारको हकमा संगठनको साधारण सदस्यता लिएको कम्तिमा ५ वर्ष र पदाधिकारीको उम्मेदवारको हकमा साधारण सदस्यता लिएको कम्तिमा ७ वर्ष पुगेको हुनुपर्नेछ ।

६. माथी जुनसुकै कुरा लेखिएको भएपनि प्रदेश सम्मेलनको प्रतिनिधि नभएको व्यक्तिले कुनै पनि तहमा उम्मेदवारी दिन पाउने छैन ।

ङ) विश्वविद्यालय र सिटिइभिटी राष्ट्रिय समिति सदस्य र पदाधिकारीको उम्मेदवार बन्नको लागि

१) विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समिति सदस्य बन्न सम्मेलनका प्रतिनिधिहरु योग्य हुनेछन् ।

२) विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिको अध्यक्षको उम्मेदवार बन्न विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिको कार्यलय वा पदाधिकारीको रुपमा एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।अन्य पदाधिकारीको उम्मेदवार बन्न विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिको सदस्यको रुपमा एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

च)केन्द्रीय समिति सदस्य र पदाधिकारीको उम्मेदवार बन्नको लागि :

१. संगठनको केन्द्रीय समितिको अध्यक्षको उम्मेदवार बन्न कम्तिमा एक कार्यकाल संगठनको केन्द्रीय समितिको पदाधिकारी भई जिम्मेवारी निर्वाह गरिसकेको हुनुपर्दछ । प्रदेश समितिका अध्यक्षहरुले महासचिव देखि माथीका पदहरुमा मात्र उम्मेदवारी दिन पाउने छन् ।

२. केन्द्रीय समितिको पदाधिकारीको उम्मेदवार बन्न एक कार्यकाल केन्द्रीय समितिको सचिवालय सदस्य वा प्रदेश समितिको उपाध्यक्ष वा प्रमुख सचिव एवं विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिको अध्यक्ष,वा केन्द्रिय आयोगका सचिवका रुपमा जिम्मेवारी वहन गरिसकेको हुनुपर्नेछ ।

३. केन्द्रीय सदस्यको उम्मेदवारको हकमा राष्ट्रिय सम्मेलनको प्रतिनिधि हुनुपर्ने छ ।

४. राष्ट्रिय सम्मेलनमा उम्मेदवारी दिने सबै प्रतिनिधिले अनिवार्य रुपमा संगठनको विधान, प्रतिवेदनसँगै मार्क्सवादी, लेनिनवादी र माओवादी दर्शन, साहित्य, इतिहास, राजनीति, विज्ञानलगायत विभिन्न विद्धानहरुका जीवनी र संगठनका प्रकाशनहरु, नेपाली तथा विश्व कम्युनिष्ट आन्दोलन, विभिन्न विचार र वादका शिक्षासँग सम्बन्धित नीति नियम र सिद्धान्तको अध्ययन गरेको हुनुपर्नेछ ।

५. माथी जुनसुकै कुरा लेखिएको भएपनि राष्ट्रिय सम्मेलनको प्रतिनिधि नभएको व्यक्तिले कुनै पनि तहमा उम्मेदवारी दिन पाउने छैन ।

धारा-२८ : विभिन्न तहको सम्मेलनमा प्रतिनिधित्वको व्यवस्था

क) सबै तहको सम्मेलनमा आयोजक समिति स्वत प्रतिनिधी हुनेछ । अन्य प्रतिनिधि निर्वाचित गर्दा कम्तिमा ३३ प्रतिशत छात्रा, मधेसी, जनजाति, दलित, पिछडिएको क्षेत्र, शहिद तथा वेपत्ता परिवारलाई प्राथमिकता दिइनेछ ।

(ख) राष्ट्रिय सम्मेलनमा प्रतिनिधिको व्यवस्था :

(१) प्रदेश समिति विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समिति र जिल्लाहरुको समानुपातिक प्रतिनिधित्वको आधारमा प्रतिनिधि चयन गरिनेछ ।

(२) सदस्यता वितरण/नविकरणको आधारमा इकाइ र जिल्ला समितिलाई थप प्रतिनिधिको व्यवस्था गरिनेछ ।

(३) प्रतिनिधिको संख्या निर्धारणसम्बन्धी निर्णय आयोजक समितिले आवश्यक निर्देशिका/नियम/कार्यविधि निर्माण गरी तय गर्नेछ ।

(ग) प्रदेश सम्मेलनमा प्रतिनिधिको ब्यवस्था

१) भौगोलिक, सांगठनिक, पालिकाहरु एवं जिल्लाहरुको समानुपातिक प्रतिनिधित्व र शैक्षिक घनत्वका आधारमा प्रतिनिधि चयन गरिनेछ ।

(२) सदस्यता वितरण/नविकरणको आधारमा इकाइ/क्याम्पस र जिल्ला समितिलाई थप प्रतिनिधिको व्यवस्था गरिनेछ ।

(३) प्रतिनिधिको सङ्ख्या निर्धारणसम्बन्धी निर्णय आयोजक समितिले आवश्यक निर्देशिका/नियम/कार्यविधि निर्माण गरी तय गर्नेछ ।

(घ) विश्वविद्यालय र सिटिइभिटीमा राष्ट्रिय समिति सम्मेलनमा प्रतिनिधिको ब्यवस्था

१) भौगोलिक, सांगठनिक, पालिकाहरु एवं जिल्लाहरुको समानुपातिक प्रतिनिधित्व र शैक्षिक घनत्वका आधारमा प्रतिनिधि चयन गरिनेछ ।

(२) सदस्यता वितरण/नविकरणको आधारमा इकाइ/क्याम्पस र जिल्ला समितिलाई थप प्रतिनिधिको व्यवस्था गरिनेछ ।

(३) प्रतिनिधिको सङ्ख्या निर्धारणसम्बन्धी निर्णय आयोजक समितिले आवश्यक निर्देशिका/नियम/कार्यविधि निर्माण गरी तय गर्नेछ ।

(ङ) जिल्ला सम्मेलनमा प्रतिनिधिको ब्यवस्था

१) स्थानिय तह, क्याम्पस, इकाई समितिहरुको समानुपातिक प्रतिनिधित्वको आधारमा प्रतिनिधि चयन गरिनेछ ।

(२) सदस्यता वितरण/नविकरणको आधारमा इकाइ र क्याम्पस समितिलाई थप प्रतिनिधिको व्यवस्था गरिनेछ ।

(३) प्रतिनिधिको सङ्ख्या निर्धारणसम्बन्धी निर्णय आयोजक समितिले आवश्यक निर्देशिका/नियम/कार्यविधि निर्माण गरी तय गर्नेछ ।

(ङ) स्थानिय तह/क्याम्पस समिति/इकाई सम्मेलनहरुमा प्रतिनिधिको ब्यवस्था साधारण र संगठित सदस्यहरुको अनुपातका आधारमा सम्वन्धित समितिले निर्णय गरे अनुसार हुनेछ ।

धारा-२९ : अन्य समिति गठन

क) केन्द्रीय समितिले संगठनको आवश्यकताअनुरूप केन्द्रीय विभाग, अन्य समिति वा कार्यदल गठन गर्न सक्नेछ । केन्द्रीय समिति मातहात निम्न अनुसारका केन्द्रीय विभागहरु रहनेछन् ।

१) संगठन विभाग
२) आर्थिक विभाग
३) प्रशिक्षण विभाग
४) वार्ता समन्वय विभाग
५) शैक्षिक विभाग
६) विदेश विभाग
७) स्ववियु परिचालन तथा समाजिक सरोकार विभाग
८) रचनात्मक तथा खेलकुद विभाग
९) विद्यार्थी स्वयम्सेवक परिचालन विभाग
१०) प्राविधिक विभाग

११) प्रचार तथा प्रकाशन विभाग

१२) विधार्थी हेल्प डेस्क

१३) कार्यालय ब्यवस्थापन विभाग

१४) छात्रा विभाग

१५) आदीवासी जनजाति / विद्यार्थी विभाग

१६) मधेसी विद्यार्थी विभाग

१७) दलित विद्यार्थी विभाग

१८) मुस्लिम विद्यार्थी विभाग

१९) पुस्तकलय तथा अभिलेखालय विभाग

२०) कानुन तथा संघीय मामिला विभाग

२१) साहित्य तथा सस्कृति विभाग

२२) अपाङ्ग विद्यार्थी विभाग

२३) शहिद तथा वेपत्ता सन्तती विभाग

२४) तथ्यांक, अनुसन्धान तथा योजना विभाग

२५) प्रादेशिक मामिला विभाग

२६) स्वास्थ्य विभाग

२७) सम्पर्क विभाग

(ख) केन्द्रीय विभागहरुको काम कर्तब्य र अधिकारका बारेमा केन्द्रीय समितिले आवश्यक नियमावली र निर्देशिका बनाउने छ । नियमावली विधानको अभिन्न अंगको रुपमा रहनेछ ।

(ग) निर्वाचित केन्द्रीय समितिको पहिलो बैठकले नीतिगत अंगको रुपमा रहने राष्ट्रिय परिषदको गठन गर्नेछ ।

घ) कार्यालयले विशेष कामका लागि केन्द्रीय प्रतिनिधि तोक्न सक्नेछ । त्यसको अनुमोदन केन्द्रीय समितिमा गराउनुपर्नेछ ।

(ङ) माथिल्लो समितिको अनुमति लिएर मातहत समितिले अन्य समिति वा विभाग गठन गर्न सक्नेछन् ।

(च) हरेक समितिले आफ्नो मातहतको समितिलाई जोडन इन्चार्जको व्यवस्था गर्न सक्नेछ ।

(छ) कक्षा १० भन्दा माथि मात्र संगठन निर्माण र परिचालन गरिनेछ ।

भाग-६

धारा-३०: भेला, सम्मेलन र बैठक

(१) केन्द्रीय समितिदेखि सबै तहका समितिहरूको बैठक, भेला र सम्मेलनको आयोजना नियमित रूपमा गर्नुपर्नेछ ।

(२) कुनै पनि समितिको बैठक, भेला र सम्मेलन माथिल्लो समितिका जानकारीमा सम्बन्धित समितिले नै बोलाउनुपर्नेछ ।

(३) बहुमत इकाइ वा जिल्ला समितिका प्रतिनिधित्व नगरेको जिल्ला, प्रदेश, विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समिति वा राष्ट्रिय सम्मेलनको मान्यता हुनेछैन ।

(४) सम्बन्धित समितिले आवश्यकताअनुसार विस्तारित बैठक बोलाउन सक्नेछ । सम्बन्धित समितिका सदस्यहरु र मातहतका आवश्यक प्रतिनिधिहरु बोलाएर बिस्तारित बैठक हुनेछ ।

(५) कुनै पनि समितिको दुई तिहाई सदस्यहरुले लिखित रुपमा माग गरेमा त्यस्तो सूचना पाएको मितिले १५ दिनभित्र सम्वन्धित समितिको भेला, सम्मेलन र बैठकको आयोजना गर्नुपर्नेछ ।

धारा-३१ : अध्यक्ष मण्डल

आयोजक समितिले सम्मेलनको बन्द-सत्र सञ्चालनको लागि अध्यक्ष मण्डल निर्माण गर्नेछ । बन्द-सत्रले संगठनको आगामी नीति र कार्ययोजना पारित गरेपछि अध्यक्ष मण्डल स्वतः भंग हुनेछ ।

धारा-३२ :निर्वाचन विधि

सबै तहका समितिहरु सम्बन्धित तहका सम्मेलनका

प्रतिनिधिहरुबाट निर्वाचित गरिनेछ । निर्वाचन सम्बन्धि आवश्यक कार्यविधी केन्द्रीय समिति वा केन्द्रीय कार्यलयले बनाउने छ ।

धारा-३३ : अन्य व्यवस्था

(क)केन्द्रीय समितिको पदाधिकारीको उम्मेदवारका लागि केन्द्रीय समिति सचिवालय सदस्य वा सो सरहको जिम्मामा भएको हुनुपर्नेछ ।

(ख) केन्द्रीय सदस्यका लागि प्रतिस्पर्धा गर्न राष्ट्रिय सम्मेलनको प्रतिनिधि हुनुपर्नेछ ।

(ग) जिल्ला समितिका पदाधिकारीका लागि जिल्ला सदस्य हुनुपर्नेछ ।

(घ) जिल्ला सदस्यका लागि इकाइ समितिको पदाधिकारी हुनुपर्नेछ ।

भाग-७
पदाधिकारीको काम, कर्तव्य र अधिकार

धारा-३४ : पदाधिकारी

पदाधिकारीहरू अध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, प्रमुख सचिव, सचिव, सह-सचिव र कोषाध्यक्ष रहनेछन् । केन्द्रीय समितिमा सह-सचिव पद रहने छैन र मातहत समितिमा महासचिव र उपमहासचिव पद रहनेछैन ।प्रदेश र विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिमा मात्र प्रमुख सचिव पद रहने छ । विशेष अवस्थामा संयोजक मात्र पनि राख्न सकिनेछ । जुनसुकै तहको समन्वय समितिमा संयोजक रहनेछ ।

(१) अध्यक्ष :

(क) समिति तथा परिषदको बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठकमा संगठनको राजनीतिक प्रतिवेदन पेश गर्ने ।

(ग) पदाधिकारी तथा सदस्यहरूको कामको रेखदेख, निर्देशन तथा निरीक्षण गर्ने ।

(घ) संगठनको तर्फबाट भएको राजनीतिक निर्णय र अरु महत्वपूर्ण विषयमा दृष्टिकोण प्रस्तुत गर्ने ।

(ङ) बैठकमा मत बराबरी भएमा निर्णयक मतको प्रयोग गर्ने ।

(२) उपाध्यक्ष :

(क) अध्यक्षको काममा सहयोग र आवश्यक सल्लाह दिने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नु पर्ने काम गर्ने ।

(ग) समितिको कार्यालयले तोकेको कार्य गर्ने ।

(३) महासचिव :

(क) अध्यक्षको परामर्शमा केन्द्रीय समिति तथा परिषदको बैठकहरू बोलाउने ।

(ख) संगठनको साङ्गठनिक प्रतिवेदन र कार्ययोजना पेश गर्ने ।

(ग) समितिको कागजपत्र, चल-अचल सम्पत्तिलाई दुरुस्त राख्ने ।

(घ) कार्यालय प्रमुखको रूपमा काम गर्ने ।

(४) प्रमुख सचिव :

(क) प्रदेश र विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिमा प्रमुख सचिवले अध्यक्षको परार्मशमा बैठक बोलाउने ।

(ख) संगठनको साङ्गठनिक प्रतिवेदन र कार्ययोजना पेश गर्ने । समितिमा कार्यालय प्रमुखको रुपमा काम गर्ने ।

(ग) समितिको कागजपत्र, चल-अचल सम्पत्तिलाई दुरुस्त राख्ने ।

५) सचिव :

(क) केन्द्रीय समितिको हकमा सचिवको काम महासचिवलाई सघाउने, महासचिवको अनुपस्थितिमा महासचिवको सबै कार्यभार सम्हाल्ने, समितिको कागजपत्र, चल अचल सम्पतिलाई दुरुस्त अभिलेख राख्ने एवं केन्द्रीय कार्यालयले तोके अनुरुप हुनेछ। प्रदेश र विश्वविद्यालय तथा सिटिइभिटी राष्ट्रिय समितिमा प्रमुख सचिवलाइ सघाउने ।

(ख) प्रमुख सचिवका अनुपस्थितिमा प्रमुख सचिवले गर्नु पर्ने काम गर्ने।

(ग) अन्य समितिमा अध्यक्षको परामर्शमा बैठकहरु बोलाउने ।

(घ) अन्य समितिमा संगठनको साङ्गठनिक प्रतिवेदन र कार्ययोजना पेश गर्ने । समितिमा कार्यालय प्रमुखको रुपमा काम गर्ने ।

(ङ) समितिको कागजपत्र, चल-अचल सम्पत्तिलाई दुरुस्त राख्ने ।

(६) सह-सचिव :

(क) समितिहरुमा सचिवको काममा सघाउने ।

(ख) सचिवका अनुपस्थितिमा सचिवले गर्नु पर्ने काम गर्ने।

(७) कोषाध्यक्ष:

(क) कोषाध्यक्षले आम्दानी खर्चको फाँटवारी राख्ने ।

(ख) संगठनको आर्थिक योजना तयार पार्ने ।

(ग) संगठनको आर्थिक नियमावली तयार पारि आफ्नो समितिकोबैठकमा पेश गर्ने ।

भाग-८
अनुशासनको कारवाही, पदरिक्तता र पदपूर्ति

धारा-३५ : अनुशासनको कारबाही

(१) कुनै पनि सदस्य र पदाधिकारीले खराब आचरणमा रही संगठन विरोधी क्रियाकलाप गरेमा गल्ती-अपराधको प्रकृति हेरी कारवाही गर्न सकिनेछ । सामान्यतया आलोचना, आत्मालोचना, चेतावनी, निलम्वन र निष्कासनको प्रक्रिया अपनाइनेछ । धारा ११ अनुसारका क्रियाकलाप गरेको ठहरेमा कारवाही गरिनेछ ।

(२) कुनै पनि सदस्य र पदाधिकारीले खराव आचरण गरेको प्रश्न उठाई कारवाही गर्दा त्यससम्वन्धि उजुरी अनुशासन आयोगमा दिनुपर्दछ । आयोगले उजुरीउपर छानविन गरि रायसहितको प्रतिवेदन सम्वन्धित कमिटिलाई दिनुपर्नेछ । र, सम्वन्धित समितिले कारवाहीको निर्णय दिनेछ ।

(३) केन्द्रीय सदस्य वाहेकको हकमा कारवाही उपर आयोगमा पूनरावेदन गर्न सकिनेछ । त्यसरी पूनरावेदन गर्दा ३० दिनभित्र पूनरावेदन गर्न सकिनेछ ।

(४) केन्द्रीय सदस्य देखि माथीको हकमा कारवाही उपर केन्द्रीय समिति बैठकले नै पूनरावलोकन गर्नेछ ।

धारा-३६ : पदरिक्तता

कुनै पनि समितिमा पदाधिकारी वा सदस्यले राजिनामा दिएर स्वीकृत भएमा, अनुशासनको कारवाहीमा परी निष्कासित भएमा, आन्दोलनमा शहीद भएमा वा मृत्यु भएमा, मानसिक सन्तुलन गुमाएमा उक्त पद रिक्त भएको मानिनेछ । बन्दी भएको अवस्थामा संगठनले दैनिक कार्य सञ्चालनका लागि उचित निर्णय लिन सक्नेछ ।

धारा-३७: पदपूर्ति

कुनै पनि समितिका साधारण बहुमतले रिक्त पद पूर्ति गर्न सक्नेछ । त्यसको अनुमोदन माथिल्लो समितिमा गराउनुपर्नेछ । केन्द्रीय आयोगका रिक्त पदहरुको पुर्ति भने केन्द्रीय परिषदले गर्ने छ ।

भाग-९
कोष तथा कार्यालय

धारा- ३८ : कोष

(१) संगठन सञ्चालन गर्नका लागि आर्थिक व्यवस्था सम्बन्धित समितिले नै गर्नुपर्नेछ । समितिको सम्पूर्ण आर्थिक कारोवारको विवरण सम्बन्धित समितिको बैठक र सम्मेलनमा प्रस्तुत गर्नुपर्नेछ ।

(२) मातहत समितिले लेवी, सदस्यता शुल्क, प्रकाशन शुल्क र विशेष आर्थिक कोटा माथिल्लो समितिलाई बुझाउनुपर्नेछ ।

(३) संगठनका विभिन्न समितिहरुले संगठनको संस्थागत निर्णयको आधारमा बैंक खाता सञ्चालन गर्नुपर्नेछ ।

४) कुनैपनि समितिको आय व्याय विवरण प्रत्येक ३-३ महिनामा आफ्नो माथिल्लो समितिमा पेश गर्नुपर्नेछ । केन्द्रीय समितिको हकमा प्रत्येक ३-३ महिनाको प्रतिवेदन केन्द्रीय समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

धारा-३९ : कार्यालय

(१) संगठनको कामलाई योजनाबद्ध र व्यवस्थित गर्न हरेक समितिको आवश्यकताअनुसार कार्यालयको व्यवस्था गर्न सक्नेछन् ।

(२) कार्यालय सम्बन्धित समितिले तोकेको स्थानमा रहनेछ ।

भाग-१०
विविध

धारा-४० : संयुक्त मोर्चा र कार्यगत एकता

(१) सामन्तवाद तथा साम्राज्यवाद विरोधी विद्यार्थी सङ्घसंस्थासँग देश, जनता र विद्यार्थी समुदायको हितमा न्यूनतम कार्यनीतिक लक्ष्य हासिल गर्नका लागि कार्यनीतिक संयुक्त मोर्चा निर्माण गर्न सकिनेछ ।

(२) देश, जनता र विद्यार्थी समुदायको हक, हित र अधिकारको पक्षमा रणनीतिक तथा कार्यनीतिक सवालमा हुने तत्कालीन सहमतिका आधारमा विद्यार्थी सङ्घ/संगठनहरू तथा अन्य सरोकारवाला पक्षहरुसँग संयुक्त आन्दोलनका लागि कार्यगत एकता गर्न सकिनेछ ।

धारा-४१ : अन्तर्राष्ट्रिय सम्बन्ध

(१) समान विचारमा आधारित अन्य मुलुकका विद्यार्थी तथा युवा संगठनहरूसँग केन्द्रीय समितिले भाइचारा सम्बन्ध कायम गर्न सक्नेछ ।

(२) संसारभर सामन्तवाद तथा साम्राज्यवादका विरुद्ध सङ्घर्षरत विद्यार्थी सङ्घ/ संगठनहरूसँग अन्तर्राष्ट्रियस्तरको मञ्च निर्माणका लागि पहल गर्न सकिनेछ ।

(३) प्रवासमा अध्ययनरत नेपाली विद्यार्थीहरूबीच संगठनको प्रवास शाखा/प्रवासी विद्यार्थी संगठन निर्माण गर्न सकिनेछ ।

(४) विदेशमा अध्ययनरत नेपाली विद्यार्थीहरुलाई विदेश विभागले सम्बन्धित देशको शाखामा संगठित गर्न सक्नेछ।राष्ट्रिय सम्मेलनमा आयोजक समितिले व्यवस्थागरेअनुसार उनीहरुलाई प्रवेक्षकको रुपमा सहभागि हुने व्यवस्था हुनेछ ।

५) नेपालका कुनैपनि शिक्षण संस्थाहरुमा अध्ययनरत विदेशी विद्यार्थीहरुलाई सम्बन्धित शिक्षण संस्थामा क्रियाशिल समितिको सिफारिसमा केन्द्रीय समितिले अथिति सदस्यता प्रदान गर्नेछ ।

धारा-४२ : विशेष अधिकार

(क) तत्कालिन निर्णय गर्नुपर्ने अवस्थामा केन्द्रीय कार्यालयले आकस्मिक निर्णय लिन सक्नेछ तर त्यसको अनुमोदन केन्द्रीय समिति वा राष्ट्रिय सम्मेलनले गर्नुपर्नेछ ।

(ख) अन्य संगठनबाट विद्रोह गरी संगठनमा समाहित हुन आएमा केन्द्रीय समितिले आवश्यक निर्णय लिनेछ ।

(ग) केन्द्रीय समितिले विधानसँग नवाझिने गरी कार्यदल, नियमावली, निर्देशिका, आचार संहिता बनाइ लागु गर्न सक्ने छ ।

(घ) केन्द्रीय समितिले सम्मेलन सम्बन्धिको कार्यविधि तयार गर्न समिति गठन गर्न सक्नेछ । यसले संगठनमा केन्द्रीय पदाधिकारी संख्या, समावेशी तथा समानुपातिक प्रतिनिधित्व सहितको अन्य कार्यविधि तयार गर्नेछ । जुन विधानसँग नबाझिने गरि बन्नेछ ।

धारा-४३ : संशोधन र खारेजी

(क) यो विधान लागु गर्ने क्रममा संशोधन गर्नुपर्ने आवश्यकता देखिएमा केन्द्रीय परिषदको विधान सम्मेलनले अनुमोदन गर्ने गरी केन्द्रीय समितिले विधान संशोधन गर्न सक्ने छ ।

(ख) यो विधान लागु भए सँगै यस अघिका विधानहरु स्वत खारेज भएका छन् । यस अघि भएका कामहरु पनि यसै विधान अन्तर्गत भएका काम मानिने छ ।

भाग-११
सपथ

धारा-४४: गोपनीयता तथा अनुशासनको सपथ

राष्ट्रिय सम्मेलनबाट निर्वाचित केन्द्रीय समितिको अध्यक्षले अध्यक्ष मण्डलसमक्ष र पदाधिकारी तथा केन्द्रीय सदस्यले अध्यक्ष समक्ष सपथ लिनु पर्नेछ। अन्य समितिका पदाधिकारी र सदस्यहरुले माथिल्लो समितिको सदस्य समक्ष सपथ लिनुपर्नेछ ।

सपथको व्यहोरा निम्नानुसारको रहेको छ:

“म..... मालेमावादको वैचारिक मार्गनिर्देशनमा अनेरास्ववियू (क्रान्तिकारी)को विधानभित्र रही यसका नीति निर्देशन, गोपनियता र क्रान्तिकारी अनुशासनलाई कडाइपूर्वक पालना गरीजनवादी केन्द्रीयताको अधिनमा रही संगठनले दिएको जिम्मेवारीलाई पूरा गर्न जस्तो सुकै कठिन घडीमा पनि सङ्घर्ष गर्दै महान् शहीदहरूले देखाएको रक्तिम बाटोमा सदा अग्रपंक्तिमा उभिने प्रण गर्दछु ।”

श्रद्धेय वीर सहिद -अमर रहुन् ।

अनेरास्ववियू (क्रान्तिकारी) - जिन्दावाद ।

अनुसूची १ : झण्डा

अनुसूची २ : छाप

अनुसूची ३ : लेटरप्याड

अनुसूचि ४ : केन्द्रीय समितिको ढाचा

पद	संख्या
अध्यक्ष	१ जना
उपाध्यक्ष (खुल्ला, समावेशी)	१९ जना
महासचिव	१ जना
सचिव (खुल्ला, समावेशी)	१९ जना
कोषाध्यक्ष	१ जना
सदस्य	२५८ जना
जम्मा केन्द्रीय समिति	२९९ जना

ब्याख्या : सचिव र कोषाध्यक्ष मध्येबाट विश्व विद्यालय तथा सिटिइभिटि राष्ट्रिय समिति मध्येबाट प्रतिनिधित्व अनिवार्य गराइने छ ।

अनुसूचि ५ : प्रदेश समितिको ढाचा

पद	संख्या
अध्यक्ष	१ जना
उपाध्यक्ष (खुल्ला)	२ जना
उपाध्यक्ष (समावेशी)	२ जना
प्रमुख सचिव	१ जना
सचिव (खुल्ला)	२ जना
सचिव (समावेशी)	२ जना
कोषाध्यक्ष	१ जना
सदस्य	११० जना
जम्मा प्रदेश समिति	१२१ जना

अनुसूचि ६ : विश्व विद्यालय तथा सिटिइभिटि राष्ट्रिय समितिको ढाचा

पद	संख्या
अध्यक्ष	१ जना
उपाध्यक्ष	३ जना
प्रमुख सचिव	१ जना
सचिव	३ जना
कोषाध्यक्ष	१ जना
सदस्य	१८ जना
जम्मा राष्ट्रिय समिति	२९ जना

ब्याख्या : पदाधिकारी निर्माण गर्दा दुइ छात्रा अनिर्वाय सहित चार जना समावेशी वनाउनु पर्ने छ ।

केन्द्रीय समिति सदस्यको प्रतिनिधीत्व प्रदेशवाट निम्न बमोजिम गराइने छ ।

प्रतिनिधित्वको क्षेत्र	जम्मा
१ नं. प्रदेश समिति	जना
२ नं. प्रदेश समिति	जना
वागमति प्रदेश समिति र विशेष प्रदेश	जना
४ नं.प्रदेश समिति	जना
५ नं.प्रदेश समिति	जना
६ नं. प्रदेश समिति	जना
७ नं.प्रदेश समिति	जना
विश्वविद्यालयहरु तथा सिटिइभिटि राष्ट्रिय समितिहरु बाट	जना
जम्मा	

ब्याख्या : प्रदेशहरुले केन्द्रिय समितिमा प्रतिनिधित्व गराँउदा सके सम्म जिल्लागत प्रतिनिधित्व, अनिवार्य रुपमा ३३ प्रतिशत छात्रा सहित दलित, जनजाती, मधेशी, शहीद तथा वेपत्ता योद्दा सन्तती, अपाँङ्ग, पीछडिएको जाती/क्षेत्र आदीका आधारमा समावेशी समानुपातिक बनाउनु पर्नेछ ।